## सूचना २

नगर विकास ऐन, २०४५ को दफा ४.१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायबमोजिम पदाधिकारी रहने गरी पोखरा नगरपालिकामा पोखरा नगर विकास समिति गठन गरेको छ ।

१. प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय कास्की– अध्यक्ष
२. स्थानीय विकास अधिकारी, जिल्ला विकास समिति कास्की– सदस्य
३. श्री ५ को सरकारबाट मनोनीत जनप्रतिनिधि वा समाजसेवी ८ जना– सदस्य
४. क्षेत्रीय निर्देशक, भवन र आवास तथा शहरी विकास विभाग, पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय पोखरा– सदस्य
५. क्षेत्रीय निर्देशक, खानेपानी पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय पोखरा– सदस्य
६. प्रमुख, जिल्ला मालपोत कार्यालय कास्की– सदस्य
७. कार्यकारिणी सचिव, पोखरा नगरपालिका– सदस्य
८. प्रमुख, पर्यटन कार्यालय कास्की– सदस्य
९. आवास तथा भौतिक योजना मन्त्रालयले तोकेको रा. प. द्वितीय श्रेणीको अधिकृत– सदस्य–सचिव

द्रष्टव्यः– (१) मनोनीत सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ ।

खण्ड ३९ संख्या ४१ मिति २०४६।१०।१६ नेपाल राजपत्र भाग ३ मा प्रकाशित पोखरा नगर विकास समितिको गठनसम्बन्धी सूचना खारेज गरिएको छ ।

## सूचना ३

नगर विकास ऐन, २०४५ को दफा ४.१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायबमोजिमको पदाधिकारी रहने गरी सुर्खेत जिल्लाको वीरेन्द्रनगर नगरपालिकामा वीरेन्द्रनगर नगर विकास समिति गठन गरेको छ ।

१. प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय सुर्खेत– अध्यक्ष
२. स्थानीय विकास अधिकारी, जिल्ला विकास समिति सुर्खेत– सदस्य
३. श्री ५ को सरकारबाट मनोनीत जनप्रतिनिधि वा समाजसेवी ७ जना– सदस्य
४. क्षेत्रीय निर्देशक, भवन र आवास तथा शहरी विकास विभाग मध्ये पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय– सदस्य
५. क्षेत्रीय निर्देशक, खानेपानी मध्यपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय– सदस्य
६. प्रमुख, जिल्ला मालपोत कार्यालय सुर्खेत– सदस्य



२८८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।